मैवाखोला गाउँपालिका

# गाउँसभाको सचिवालय

साँघु, ताप्लेजुङ

प्रदेश नं १, नेपाल

## अध्यक्षको वाचनपत्र

गाउँसभाको १३ औँ अधिवेशनको पहिलो बैठक

**(मिति २०८० जेष्ठ २८)**

गाउँसभाका सदस्यज्यूहरू, अब आजको बैठक प्रारम्भ हुन्छ । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा (३) बमोजिम मैवाखोला गाउँसभाको १३ औं अधिवेशन आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु, साथै सबै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु । यो अधिवेशन वर्षे अधिवेशन भएको र विशेष गरी यस अधिवेशनलाई बजेट अधिवेशनको रुपमा लिइने गरिन्छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमामा यो अधिवेशनले अधिकांश समय उपयोग गर्नुपर्नेछ साथै कार्यपालिकाबाट पेश भएका केही विधयेकहरू र अन्य विषयवस्तुमा सभाले छलफल गरी उपयुक्त निश्कर्षहरू निकाल्नेछ ।

सभाका सदस्यज्यूहरू, अब लोकतन्त्र प्राप्तिका लागि सबैखाले जनआन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौँ ।

सभाका सदस्यज्यूहरू, १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५ (१) मा सभाको पहिलो बैठकमा पालना गर्नुपर्ने आचरणहरू वाचन गर्नुपर्ने व्यवस्था रहेकोले सो वाचन गर्दछु।

क) अध्यक्ष बैठक कक्षमा प्रवेश हुदा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्नेछ।

ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नुपर्नेछ।

ग) बैठक स्थगित भइ अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरू सदस्यहरूले बैठक कक्ष छाड्नुपर्नेछ।

घ) बैठकमा भाग लिन सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्नेछ।

ङ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न हुँदैन र अध्यक्षले बोलेको कुरा गम्भिरतापूर्वक सुन्नु पर्नेछ।

च) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यले अध्यक्षको आसनको अगाडीबाट हिड्न हुँदैन।

छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न हुँदैन।

ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिंड्न वा अध्यक्षको आसनतर्फ पिठ्यू फर्काएर बस्न हुँदैन।

झ) बैठकको कार्यसंग प्रत्यक्ष रूपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक समाचारपत्र वा अन्य कागजपत्र पढ्न हुँदैन र

ञ) बैठकको अवधिभर बैठक कक्षमा मोवाइल फोन प्रयोग गर्न हुँदैन।

सभाका सदस्यज्यूहरू, आजको बैठक देहायको कार्यसूची अनुसार अगाडी बढ्नेछ।

१. अध्यक्षले गाउँसभाको तेह्रौँ अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभा समक्ष वाचन गरेर जानकारी गराउने।
२. अधिवेशन सफलताको शुभकामना मन्तव्य।
३. समसामयिक विषयमा छलफल गर्ने प्रक्रियाको लागि (शून्य) समय निर्धारण।
४. आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा) सभामा प्रस्तुत।
५. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा बैठकमा छलफल गरियोस् भन्ने प्रस्ताव र सो उपर छलफल।

**कार्यसूचीको क्रमसंख्या १**

सभाका सदस्यज्यूहरू, अब म आजको बैठकको कार्यसूचीको पहिलो नम्बरमा रहेको मैवाखोला गाउँपालिकाका अध्यक्ष श्री विजय प्रकाश वनेमले गाउँसभाको तेह्रौँ अधिवेशन आव्हान गर्नुभएको पत्रको व्यहोरा सभाका सदस्यहरुको जानकारीका लागि पेश गर्दछु । पत्रको व्यहोरा देहाय बमोजिम रहेको छ ।

मैवाखोला गाउँपालिका
**गाउँ सभाको सचिवालय**
साँघु, ताप्लेजुङ

सम्पर्क:
अध्यक्ष: ९८५२६६०९३४
उपाध्यक्ष: ९८५२६६०९३५
प्र.प्र.अ.: ९८५२६६०९३६
कार्यालय: ९८५२६६०९३७

पत्र संख्या:०७९।८०
चलानी नं :

१ नं. प्रदेश, नेपाल
मिति:२०८०।०२।१८

**श्री अध्यक्षज्यू,**
**मैवाखोला गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय ।**

**विषयः गाउँ सभाको १३ औं अधिवेशन आव्हान गरिएको सम्बन्धमा ।**

प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम मैवाखोला गाउँसभाको १३ औं अधिवेशन देहाय बमोजिमको मिति, स्थान र समयमा सुरु हुने गरी आव्हान गरिएको छ ।

**बैठक बस्ने मिति, स्थान र समयः**

मितिः २०८०।०२।२८ गते आइतवार,
स्थानः मैवाखोला गाउँपालिकाको सभाहल
समयः विहान ठिक ११:०० बजे ।

**सभाका अध्यक्ष**

**<u>कार्यसूचीको क्रमसंख्या २</u>**

सभाका सदस्यज्यूहरू, अब म आजको दोस्रो कार्यसूचीलाई अगाडी बढाउँछु । यस गाउँसभाको १३ औं अधिवेशन प्रारम्भको अवसरमा शुभकामना मन्तव्य राख्ने कार्यसूची अनुसार सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलबाट १\१ जनालाई शुभकामना मन्तव्यका लागि बोलाउनेछु ।

**(समय ३ मिनेट निर्धारण गरेकोछु)**

सर्वप्रथम कार्यपालिका\सभा सदस्य श्री ...............

अर्का कार्यपालिका\सभा सदस्य श्री ...................

अर्का कार्यपालिका\सभा सदस्य श्री .................

अर्का कार्यपालिका\सभा सदस्य श्री .................

**<u>कार्यसूचीको क्रमसंख्या ३</u>**

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको तेस्रो नम्बरमा रहेको समसामयिक विषयमा छलफल गर्ने प्रक्रिया (शून्य समयको प्रयोग) अगाडी बढाउँदछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम समसामयिक विषयमा छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई टिपाउन सक्नुहुनेछ ।

**(समसामयिक विषयमा भाग लिने सभाका सदस्यहरूले आवश्यकता अनुसार)**

समसामयिक विषयमा छलफलमा भाग लिन सर्वप्रथम सदस्य श्री ............लाई अनुमति दिन्छु । समय ३ मिनेट निर्धारण गरेको छु ।

समसामयिक विषयमा छलफलमा भाग लिन अर्का सदस्य श्री ...........लाई अनुमति दिन्छु ।  समय ३ मिनेट ।

सभाका सदस्यज्यूहरू समसामयिक विषयमा छलफलमा भाग लिने क्रम यही अन्त्य हुन्छ । आजको यस बैठकमा सदस्यज्यूहरूले उठाउनु भएका सवालहरूमा सभाको गम्भिर ध्यानाकर्षण भएको छ । सभामा उठेका सवालहरूमा १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम सम्बन्धित कार्यपालिकाका सदस्यहरूले अध्यक्ष मार्फत सभाको अर्को बैठकमा धारणा पेश गर्न ध्यानाकर्षण गराउँदछु ।

**कार्यसूचीको क्रमसंख्या ४**

सभाका सदस्यज्यूहरू, अब म कार्यसूचीको चौथो नम्बरमा प्रवेश गर्दछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम मैवाखोला गाउँपालिकको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सभामा प्रस्तुत गर्दछु ।

**(नीति तथा कार्यक्रम वाचन)**

**मैवाखोला गाउँपालिकाको १३ औँ गाउँ सभामा पेश भएको**

**आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम**

**गाउँसभाका सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,**
**राजनैतिक पार्टीका प्रतिनिधि ज्यूहरू,**
**पत्रकार मित्रहरू !**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम तीन तहका सरकार गठन भई विकास, समृद्धि र सुशासन मार्फत दीगो शान्तिको मार्गमा मुलुक अघि बढिरहेको छ । जनतालाई स्थानीय स्तरबाटै सेवा प्रवाह गर्दै उनीहरुको हक अधिकारको सुरक्षा गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्दै, विकासका बहुआयामिक पक्षहरूमा स्थानीय जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय तहको परिकल्पना गरिएको हो । यस १३ औँ गाउँसभाको अवसरमा समाजवाद उन्मुख संघीय लोकतान्त्रिक शासन प्रणालीलाई स्थापना गर्न, राष्ट्रहित, लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपालका विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र जनयुद्ध र विभिन्न आन्दोलनहरूका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै शीघ्र स्वास्थ्यलाभको कामना र वेपत्ता योद्धाहरुलाई स्मरण गर्दछु ।

संविधानले परिकल्पना गरेको राजनैतिक, प्रशासनिक र वित्तीय संघीयता अनुसार मैवाखोला गाउँपालिकाका जनताले चुनेको आफ्नै सरकार मार्फत विकासका गतिविधि संचालन गरी स्थानीय जनतालाई सरकारको सकारात्मक परिवर्तनको आभास दिलाउने, स्थानीय जनशक्ति, स्रोत, साधनको उपलब्धता अनुसार संविधान प्रदत्त एकल तथा साझा अधिकारका विषयहरु मार्फत स्रोत परिचालन गरी

सेवा प्रवाह गर्ने र नीति निर्माण गरी सुशासन कायम गर्ने, आन्तरिक आयलाई मजबुद बनाउदै गाउँपालिकालाई आत्मनिर्भर बनाउनु आजका हाम्रा अवसर र चुनौति दुवै हुन ।

यस गरिमामय सभामा आज प्रस्तुत हुने आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम निर्माणमा नेपालको संविधान, नेपाल सरकारले अख्तियार गर्ने नीतिहरु, स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार, दीगो विकासका लक्ष्यहरु, गाउँपालिकाबाट निर्माणको अन्तिम चरणमा रहेको आवधिक विकास योजनामा उल्लेखित लक्ष्य, उद्देश्य र रणनीति एवम् कार्यनीतिहरु, निर्माणाधीन मध्यमकालीन खर्च संरचनामा रहेका प्राथमिकताका क्षेत्रहरु, त्यस्तै निर्माणकै चरणमा रहेको राजश्व सुधार योजना समेतलाई आधार मान्दै तुलनात्मक लाभका क्षेत्रहरुलाई प्राथमिकतामा राखिएको छ ।

हाम्रो कार्यकालको पहिलो वर्षमा शिक्षाको गुणस्तर सुधार्न नियमित अनुगमन र नियमन गर्ने प्रणाली लगायत अन्य शिक्षा क्षेत्रमा थुप्रै कार्यहरु गरिएको छ, त्यस्तै स्वास्थ्यको क्षेत्रमा गाउँपालिकाका जनताहरु सामान्य रोगको उपचार गर्न सदरमुकाम तथा अन्यन्त्र जाने विद्यमान अवस्थालाई हटाउन एम.बि.बि.एस. डाक्टरको व्यवस्था, प्राथमिक उपचारका लागि किटबक्स सहित जेष्ठ नागरिक तथा अशक्तहरुलाई घरघरमै गई स्वास्थ्य परीक्षण सेवाको सुरुवात भएको छ, नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको सहजतालाई मध्यनजर गरी बैंकसँगको सहकार्य मार्फत सम्बन्धी वडा कार्यालयबाट सामाजिक भत्ता विरतण कार्य निरन्तर चलिरहेको छ, त्यस्तै वर्षायाममा यातायात आवतजावतमा हुने कठिनाईलाई सहज पार्न सडकहरुको स्तरोन्नती गरी यातायातलाई सहज पारिएको छ । गाउँपालिकाको आन्तरिक आयलाई क्रमशः वृद्धि गर्दै लगिएको छ । साथै सेवा प्रवाहलाई सहज, सरल तथा पहुँच योग्य बनाउँदै गाउँपालिकाको सर्वाङ्गीण विकासमा महत्वपूर्ण कार्यहरुको थालनी गरिएको कुरा अवगत गराउन चाहान्छु ।

हामीले आगामी आर्थिक वर्षमा हाल गाउँपालिकाले निर्माण गरिरहेको राजश्व सुधार योजना मार्फत आर्थिक समृद्धिको लागि कर प्रणालीलाई प्रगतिशील बनाउने, राजश्वको दायरा बढाउने, आर्गानिक कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी बजारीकरण गर्ने, गुणस्तरीय शिक्षामा जोड, गाउँपालिकाका जनताको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने, पर्यटकीय दृष्टिले प्रचुर संभावना बोकेको हाम्रो गाउँपालिकामा अत्याधिक संख्यामा पर्यटकहरु भित्र्याउन आवश्यक पूर्वाधार निर्माणमा संघ तथा प्रदेश सरकारसँग सहकार्य तथा साझेदारीको प्रयास थालिनेछ । भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, जेष्ठ नागरिक मैत्री बनाई गुणस्तरीयताको सुनिश्चितता गरी मैवाखोला गाउँपालिकालाई भौतिक पूर्वाधारमा सुविधा सम्पन्न बनाउने कार्यको थालनीमा जोड दिइनेछ ।

हाम्रो गाउँपालिकाको यस गरिमामय १३ औं गाउँसभामा "सुखी र समृद्ध मैवाखोलाको आधारः अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार" भन्ने २५ वर्षे दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्ष २०८०\०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति भएको छ ।

उपस्थित गाउँसभा सदस्यज्यूहरू,

अब म, यस सभामा आगामी आर्थिक वर्ष २०८०\०८१ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## सामाजिक विकास तर्फः

### क) शिक्षा सम्बन्धी नीतिः

मैवाखोला गाउँपालिकामा समग्र शैक्षिक परिवर्तनको निम्ति “मैवाखोलाको आवश्यकता: प्रविधिमैत्री गुणस्तरीय शिक्षा” को आवधारणा अनुसार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- शिक्षण पेशालाई अनुसन्धानात्मक, मर्यादित तथा सम्मानित पेशाका रुपमा विकास गर्नका लागि शिक्षकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम तर्जुमा गरिनेछ।
- मैवाखोला मा.वि. लाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।
- मदिरा, धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्ने र विद्यालयमा अनियमित तथा अराजक व्यवहार देखाउने शिक्षकलाई कानुनी कारबाही प्रक्रिया अगाडि बढाइने छ।
- प्रत्येक सामुदायिक विद्यालयहरुलाई स्वंयम् आत्मनिर्भर तथा उद्यमशील बनाउँदै लगिनेछ।
- “हाम्रो अस्पताल हाम्रै डाक्टर”को अवधारणा अनुसार ५ वर्षमा १ डाक्टर उत्पादन गरी कम्तीमा ५ वर्ष अनिवार्य रुपमा मैवाखोला गाउँपालिकामा नै सेवा गर्ने गरी एम.बि.बि.एस अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर निर्माण गरी मैवाखोला गाउँपालिकाको शिक्षालाई वार्षिक रूपमा व्यवस्थित गर्दै लगिनेछ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, अभिभावक र विद्यार्थी बीच त्रिकोणात्मक सम्बन्ध कायम गर्न “शिक्षक, विद्यार्थी तथा अभिभावकसँग जनप्रतिनिधिहरु” नामक अभिमुखीकरण कार्यक्रम वडा तथा पालिकास्तरमा सञ्चालन गरिनेछ।
- शिक्षक, विद्यार्थी र विद्यालयको क्षमता, गुणस्तर र परिणामलाई मापन, नियन्त्रण र परीक्षण गर्न कक्षा ५ र ८ को परीक्षालाई पालिकास्तरीय रुपमा सञ्चालन गरी परीक्षालाई मर्यादित र व्यवस्थित गरिनेछ।
- पढाइका अलावा विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभालाई विद्यालयस्तरबाटै प्रस्फुटन तथा पहिचानका लागि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिने छ।
- आजको विश्वव्यापीकरण र ग्लोवल ल्याङवेजको रुपमा लिइएको अंग्रेजी माध्यमबाट अध्ययन, अध्यापन गराउनका लागि सामुदायिक विद्यालयहरुलाई प्रोत्साहित गर्दै लगिनेछ।

- स्थानीय मातृभाषामा गरिएको पठनपाठनको व्यवस्थालाई निरन्तरता दिइने छ।
- प्रत्येक सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री तथा बालमैत्री विद्यालयको रुपमा विकास गर्दै लगिनेछ।
- नि.मा.वि. तथा मा.वि. सञ्चालित विद्यालयहरुमा आई.सि.टि. तथा विज्ञान प्रयोशालाहरुको व्यवस्थापन गर्दै लगिनेछ।
- शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यलाई आवश्यकताका आधारमा निरन्तर रूपमा अघि बढाइनेछ।
- प्रत्येक विद्यालयमा सिकाइ उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन गरिने छ।
- विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी र थप व्यवस्थित गरी लागु गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- विद्यालयमा दिवा खाजा स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्रत्येक विद्यालयमा स्वास्थ्य कर्मी परिचालन गरी प्रत्येक बालबालिकाको स्वास्थ्य परीक्षण गरिने छ।
- फरक क्षमता भएका बालबालिकालाई पठनपाठनको छुट्टै व्यवस्था गरिने छ।
- सबै विद्यालयहरुमा शैक्षिक संस्था स्वचालन प्रणाली लागू गरिनेछ।
- गाउँपालिकाभित्र रहेका विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता विकासका लागि अन्तर पालिका शैक्षिक अवलोकन भ्रमण गराइनेछ।
- एक वडा एक बाल उद्यान निर्माण गर्ने नीति लिइनेछ।
- शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समूह गठन परिचालन तथा तालिमको व्यवस्था गरिने छ।

**ख) स्वास्थ्य सम्बन्धी नीतिः-**

- गाउँपालिका भित्रका जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुको आधारभूत स्वास्थ्य प्रति जवाफदेही बन्दै महिनामा एक पटक स्वास्थ्यकर्मी घरमै पठाई प्राथमिक स्वास्थ्य परीक्षण तथा औषधी उपचार गर्नुका साथै निशुल्क औषधीसहितको प्राथमिक उपचार किट बक्स वितरण कार्यक्रमलाई गुणस्तरीय सेवा प्रवाहको लागि निरन्तरता दिइनेछ।
- गर्भवती महिला तथा सुत्केरी आमा र बच्चाहरुको पोषणलाई लक्षित गरी "उपाध्यक्ष चेसुङ कार्यक्रम" सञ्चालन गरिनेछ।

- जटिल बाहेक सामान्य तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा फार्मेसी सेवा सञ्चालनमा ल्याइनेछ।
- गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा लिइएको निर्माणाधीन १५ शैयाको अस्पताललाई तोकिएकै समयमा सम्पन्न गरिने छ।
- गाउँपालिका भित्रका प्रत्येक वडालाई पूर्ण खोप युक्त वडा घोषणा गरी सकिएको छ। यसको दिगोपनाका लागि स्वास्थ्य क्षेत्रमा निरन्तर अनुगमन तथा मूल्याङकन गर्दै वडा र पालिका पूर्णखोप दिगोपना सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य संयमसेविका, महिला स्वास्थ्यकार्यकर्ता तथा स्वास्थ्यकर्मीहरूलाई अधिकतम परिचालन गरी स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सुत्केरी आमा तथा नवजात शिशुहरूको नियमित स्वास्थ्य परीक्षणको लागि नर्सिङ कर्मचारी घर घरमा पठाइ आवश्यक जाँच तथा परामर्श दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य चौकीमा आवश्यक न्यूनतम भौतिक सुविधा र आवश्यक उपकरणहरू उपलब्ध गराई जटिल अवस्थाका रोग र बिरामी बाहेकका रोगको उपचार गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने छ।
- स्वास्थ्य संस्थाहरुमा सञ्चालित ल्याब सेवालाई अझ व्यवस्थित गर्दै लगिने छ।
- गाउँपालिकाबाट उपलब्ध एम्बुलेन्सबाट गाउँपालिका भित्रका गर्भवती आमाहरुलाई घरबाट स्वास्थ्य संस्था सम्म निशुल्क एम्बुलेन्स सेवाको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- सबै स्वास्थ्य संस्थाहरूमा बर्थिङ सेन्टर सञ्चालन गरी आवश्यक जनशक्ति र प्रविधिले सुविधा सम्पन्न बनाइने छ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिने छ।
- विभिन्न पोषण सम्बन्धी आधारभूत सूचकहरु पूरा गर्दै पोषणमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ।
- अति विपन्न आर्थिक अवस्था भएका व्यक्तिहरूको जटिल किसिमका उपचारमा सहयोग गर्न अध्यक्ष स्वास्थ्य सहयोग कोषको व्यवस्था गरिनेछ।

- विभिन्न किसिमका सरुवा रोग र महामारीबाट बच्न विशेष स्वास्थ्य सम्बन्धी नीति तथा योजना तय गरिनेछ ।
- स्वास्थ्य चौकी स्थापना गर्न बाँकी रहेका वडाहरूमा यसै आर्थिक वर्षबाट नेपाल सरकारको मापदण्ड बमोजिम स्थापना गर्दै लगिनेछ ।
- सबै वडा, टोलहरुमा गर्भवती महिला तथा सुत्केरी आमा लक्षित कार्यक्रम लागु गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य क्षेत्रमा प्रदान भइरहेका स्वास्थ्य सेवा प्रवाहको गुणस्तर परीक्षण बारे सामाजिक परीक्षण गरिनेछ ।
- वडा १ स्थित सामुदायिक स्वास्थ्य इकाई तेल्लाबुङलाई स्वास्थ्य चौकीको रुपमा स्तरउन्नती गरिनेछ।
- वडा नं. ६ मा रहने गरी स्वास्थ्य चौकी दर्ता गरी सञ्चालन गरिनेछ ।
- वडा नं. ३ साँघु स्वास्थ्य चौकीको नयाँ भवन निर्माण गरिनेछ ।
- साँघु आयुर्वेद औषधालयलाई आवश्यक सामग्री सहित व्यवस्थित गर्दै लगिनेछ ।

**ग) युवा तथा खेलकुद सम्बन्धी नीतिः**

- विद्यालय स्तरबाट प्रतिभाशाली खेलाडी उत्पादन गर्न खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाकै गौरवको आयोजना मदन भण्डारी-स्मृति रङ्गशालालाई सम्पन्न गर्न प्रदेश र संघीय सरकारसँग सहकार्यका लागि पहल गरिनेछ ।
- सांस्कृतिक पर्वको रुपमा सञ्चालन गरिने शिवरात्री मेलामा खेलाईने खेलकुदलाई सहयोग गरिने छ ।
- विद्यालयस्तर देखि नै उत्कृष्ट खेलाडी उत्पादनका लागि खेलकुद प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडा तथा विद्यालयहरुमा आवश्यकता अनुसार खेलमैदान विस्तार गरिँदै लगिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

**घ) लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीतिः**

- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न गाउँपालिका भित्र रहेका महिला विकास तथा आमा समूह लक्षित वर्गको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गर्न नेतृत्व विकास सम्बन्धी तालिमहरुको व्यवस्था गरिनेछ ।

- महिलालाई आर्थिक क्रियाकलापमा सक्रिय बनाउन महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका परम्परागत पेशाको संरक्षण, सम्वर्द्धन तथा आधुनिकीकरणको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिकसँग जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- जेष्ठ नागगरिकहरुको अनुगमन गरी हेरचाह गरिरहेको परिवारलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- दलितहरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सक्रिय बनाउन दलित लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

**ङ) बालबालिका सम्बन्धी नीतिः**

- गाउँपालिकाले २०८३ साल वैशाख भित्र बालमैत्री स्थानीय तह घोषणा गर्न गरेको प्रतिवद्धतालाई पूरा गर्न आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ।
- विद्यालयहरुमा बालक्लव, वडास्तरमा वाल संञ्जाल र गाउँपालिकास्तरमा एक बाल क्लब संजाल गठन गरी समाजमा रहेका विकृतिहरु जस्तै: बालविवाह, लागुपदार्थ दुर्व्यशनी, बालश्रम शोषण, घरेलु हिंसा रोक्न तथा न्यूनीकरण गर्न वृहत अभियान सञ्चालन गरिनेछ।
- बेवारिसे बालबालिकाहरुको पहिचान गरी व्यवस्थापन गर्न आवश्यक नीतिको अवलम्वन गरिनेछ। साथै आपत्कालीन बाल उद्धारकोष स्थापना गरिनेछ।

**च) खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

- मैवाखोला गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदवाभ स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पँहुचको अधिकार प्रत्याभूत गराई दीगो विकासको लक्ष्यलाई लक्षित गर्दै एक घर, एक धाराको नीति अन्तर्गत सबै नागरिकहरुको घर घरमा स्वच्छ खानेपानी व्यवस्थापनलाई निरन्तरता दिइनेछ।
- खानेपानी (ल्याव) परीक्षणको स्थापना गरी मैवाखोला गाउँपालिकाभित्र रहेका मुहानहरुको तथ्याङक सङ्कलन गर्नुको साथै पानीको स्वच्छता प्रविधिको जडान गर्दै लगिनेछ।
- संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित खानेपानी सम्बन्धी आयोजनाहरुलाई एकीकृत रुपमा सञ्चालन र नियमन गर्ने नीति लिइनेछ।

- गाउँपालिका  भित्र सञ्चालित खानेपानी आयोजनाहरुको दिगो सञ्चालन र निरन्तरताका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- गाउँपालिका भित्र रहेका  परम्परागत मुहान, पोखरी, कुवा, ढुङ्गेधाराहरुको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्रका मुख्य मुख्य बजार, सार्वजानिक संस्था, स्वास्थ्य तथा विद्यालय क्षेत्रमा पहिचान भएका  सड्ने, नसड्ने फोहोरमैला सङ्कलन  गरी अलग/अलग व्यवस्थापन गरिनेछ।
- गाउँपालिकालाई स्वच्छ वातावरणमैत्री राख्न गाउँपालिका भित्रका मुख्य मुख्य बजार, सार्वजानिक क्षेत्र आदिबाट निस्किएका फोहोरमैलालाई व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइटको निर्माण गरिनेछ।

**छ) कला, भाषा, साहित्य र सम्पदा सम्बन्धी नीतिः**

- रैथाने कला, साहित्य, संस्कृति र भाषाको जगेर्ना संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै लगिनेछ ।

**१. <u>पूर्वाधार विकास तर्फः</u>**

**क) सडक, पक्की पुल र झोलुङ्गे पुल सम्बन्धी नीति:**

- गाउँपालिका क्षेत्र भित्रका रणनीतिक सडकहरुको मुख्य तथा सहायक सडकहरुको तथ्याङ्क संङ्कलन गरी आवश्यक मापदण्डका आधारमा गुरुयोजना तयार गरिनेछ ।
- गाउँपालिका केन्द्रबाट नजिकको कालोपत्रे सडकसम्म र गाउँपालिका केन्द्रदेखि सबै वडा केन्द्रसम्म जोडने सडकहरु साथै गाउँपालिकाबाट छनौट भएका गौरवका आयोजनाहरुको स्तरोन्नती कार्यलाई तिव्रता दिइनेछ ।
- गाउँपालिकाको लाइफलाइनको रुपमा रहेको बसन्तपुर-गुफा-साँघु-दोभान वैकल्पिक सहायक लोकमार्गलाई केन्द्र र प्रदेश सरकारसँग साझेदारी गर्दै पर्यटकीय सडकको रुपमा विकास गरी स्तरोन्नतीको कार्यलाई अघि बढाइनेछ ।
- निर्माण सम्पन्न भएका पूर्वाधारहरुको उपयोग र  दिगो व्यवस्थापन गर्न निरन्तर मर्मत संभार गर्दै लगिनेछ ।
- गाउँपालिका केन्द्रबाट वडासम्म पुग्ने सडकहरुमा आगामी तिन वर्ष भित्र पुल तथा कल्भर्ट निर्माण कार्य सम्पन्न गरिनेछ ।
- स्थानीय सडक ऐन बनाई सडकको क्षेत्राधिकार निर्धारण गरिनेछ ।
- नगर विकास कोषसँग साझेदारी गरी आर्थिक तथा भौतिक पूर्वाधार क्षेत्रका आयोजनाहरु सञ्चालन गरिनेछ ।
- सडक बोर्ड नेपालसँग साझेदारी गरी पालिकाका मुख्य मुख्य सडकहरुको स्तरोन्नती गरिनेछ ।

**ख) भवन तथा वस्ती विकास र सार्वजनिक निर्माण सम्बन्धी नीति:**

- भूमिहीन दलित, सुकुम्बासि तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराइनेछ।
- गाउँपालिकाको प्रशासनीक भवन निर्माण कार्य यसै वर्ष प्रारम्भ गरिनेछ।
- मैवाखोला गाउँपालिकामा खेलकुद प्रवर्द्धनका लागि कभर्डहलको निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ।
- मैवाखोला गाउँपालिका केन्द्र आसपासका क्षेत्रमा सार्वजनिक यातायातलाई व्यवस्थित गर्नको लागि बसपार्क निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ।
- स्वास्थ्य संस्थाहरुको स्तर उन्नती तथा आवश्यकताको आधारमा नयाँ भवन निर्माण गरिनेछ।
- राष्ट्रिय भवन संहिता र मापदण्डलाई सार्वजनिक भवन निर्माणमा अनिवार्य गरिने छ भने निजी भवनहरुमा पनि मापदण्ड लागु गर्न प्रेरित गरिनेछ।
- व्यवस्थित वस्ती विकास र नागरिकहरुलाई एकीकृत रुपमा सेवा सुविधाहरु उपलब्ध गराउने उद्देश्यले मैवाखोला गाउँपालिकामा एकीकृत बस्ती विकासको लागि संम्भाव्यता अध्ययन गरिनेछ।
- मैवाखोला वार्ड नं. ५ र ६ को सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै वडा नं. ५ फाकुम्बामा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ।

**ग) विद्युत तथा स्वच्छ उर्जा सम्बन्धी नीतिः**

- आगामी २ वर्ष भित्रमा गाउँपालिकाको सबै वडा केन्द्र सम्म विद्युत केन्द्रीय प्रसारण लाइन विस्तार गर्दै विद्युत उपभोगको मात्रा वृद्धि गरी स्वच्छ वातावरण कायम गरिनेछ।
- नवीकरणीय उर्जा प्रवर्द्धन कार्यलाई निरन्तरता दिइनेछ।

**घ) सूचना तथा सञ्चार विकास सम्बन्धी नीतिः**

- सञ्चार तथा सूचना प्रविधि प्रयोगमा आम नागरिकको पहुँच वृद्धि गर्न मैवाखोला गाउँपालिकामा फोरजी सर्भिसयुक्त वि.टि.एस टावर निर्माण गरिनेछ। साथै इन्टरनेट पहुँचको सुनिश्चितता गर्न गाउँपालिकाले छुट्टै कोर प्रणाली स्थापना गर्नेछ।

**२. <u>आर्थिक विकास तर्फः</u>**

गाउँपालिकाको आर्थिक समृद्धिको निम्ति “आर्थिक विकासको आधारः व्यवसायिक कृषि, उद्योग, पर्यटन र रोजगार”को आवधारणा अनुसारका कार्यक्रमहरुको व्यवस्था गरिनेछ।

**क) कृषि विकास सम्बन्धी नीतिः**

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी पालिकालाई क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ। उत्पादनको आधारमा कृषकलाई प्रोत्साहन गरिनेछ, जसमा रैथाने बालीलाई विशेष प्राथमिकता दिइनेछ र कृषि क्षेत्रमा देखापरेका समस्याहरुको समाधान गर्न अनुसन्धानकर्तालाई प्रोत्साहन गरिनेछ।
- कृषि उपज संङ्कलन केन्द्रको निर्माण तथा शीत भण्डार निर्माण कार्य अगाडि बढाईनेछ।
- कृषिमा अर्गानिक गाउँपालिकाको आधार तयार पार्न रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्यूनीकरण गर्दै लगिनेछ। जैविक तथा कम्पोष्ट मल र जैविक विषादी तयार पार्न तालिमको व्यवस्था गरिनेछ साथै जैविक विषादीको प्रयोगबाट रोग किरा नियन्त्रण गर्न किसानलाई जैविक विषादी वितरण गरिनेछ।
- कृषकको जीवनस्तर सुधार गर्न कृषकद्वारा उत्पादित वस्तुको विविधीकरण गर्न तालिमको व्यवस्था गरिनेछ साथै लागत साझेदारीमा आवश्यक उपकरण वितरण गरिनेछ।
- गाउँपालिकाको विभिन्न क्षेत्रमा फलफूल, तरकारी तथा नगदेबालीको सम्भाव्यता अध्ययन गरी उपयुक्त क्षेत्रमा बाली प्रवर्द्धन तथा पकेट विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- तापक्रम, हावापानी, भूगोल र प्रकृति अनुसारका बाली छनौट गरी कृषकको आयस्तर वृद्धि गर्नको लागि माटो परीक्षण गर्न आवश्यक उपकरणको व्यवस्था गरी कृषकलाई आवश्यक आधारभूत ज्ञान, सीप तथा तालिमको व्यवस्था गरिनेछ।
- उन्नत घाँसको विरूवा तथा फलफूलको विरूवा उत्पादन गर्न स्थापित नर्सरीको व्यवस्थापन गरिनेछ।
- खाद्य तथा पोषणमैत्री गाउँपालिका निर्माणको लागि कार्यक्रम तर्जुमा गरिनेछ।
- खेती योग्य बाँझो जमिनमा युवा लक्षित सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ साथै कृषि उत्पादन वृद्धि गर्न आवश्यक जमिनको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।
- साँघु पाटीमा पाक्षिक रुपमा लाग्ने नरहाट बजारलाई साप्ताहिक कृषि हाटको रुपमा विकास गरिनेछ।

**ख) पशुपंक्षी विकास सम्बन्धी नीतिः**

- व्यवसायिक दुग्ध, मासु तथा अण्डा उत्पादनलाई जोड दिदैँ गाउँपालिकालाई आत्मनिर्भर बनाई निर्यातको स्तरमा पुर्याउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

- पशुपंक्षीमा लाग्न सक्ने विभिन्न किसिमका रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक खोप तथा  औषधीको व्यवस्था गर्न बजेटको विनियोजन गरिनेछ।
- किसानहरूलाई पशुपालनमा प्राविधिक सेवा प्रवाह गर्ने उद्देश्यले वडाहरुमा सञ्चालित पशु सेवा केन्द्रहरुलाई निरन्तता दिइनेछ।
- उन्नत घाँसको विरूवा उत्पादन तथा पशुपालन सम्बन्धी तालिमको व्यवस्था गरी पोषिलो आहारा प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिन पालिका स्तरीय नर्सरीको स्थापना गरिनेछ।
- माछापालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ।
- पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत प्राकृतिक तथा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ।

**ग) सिँचाई सम्बन्धी नीतिः**

- खाद्यान्न तथा नगदे बालीको उत्पादकत्व वृद्धिको लागि आकाशे पानीको निर्भरतालाई शून्यमा झारी खेती योग्य जमिनहरुको वर्गीकरण गरी यस आर्थिक वर्षमा कम्तीमा १५० हेक्टर क्षेत्रफलमा सिचाई सुविधा पुर्याइनेछ। साथै पुराना सिंचाई आयोजनाहरुको अवस्था मूल्याङ्कन गरी मर्मत संभार गरिनेछ।
- गाउँपालिका क्षेत्रमा रहेको सुख्खा क्षेत्रहरु पहिचान गरी आकाशे पानी सङ्कलन तथा प्लास्टिक पोखरी बनाउन अध्ययन गरिनेछ।
- कृषि उपजको बढी सम्भावना भएका पकेट क्षेत्रमा प्राथमिकताका साथ सिंचाइ सुविधा उपलब्ध गराइनेछ।

**घ) श्रम तथा रोजगार सम्बन्धी नीतिः**

- युवाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले सिप, प्रविधि र तिब्र इच्छा भएका व्यवसायिक युवाहरुलाई लक्षित गरी सहुलियत ब्याजदरमा ऋण पूँजी उपलब्ध गराउनका लागि छुट्टै कोष स्थापना गरिनेछ।
- गाउँपालिका भित्रका वेरोजगार व्यक्तिहरुको तथ्यांक संङ्कलन गरी रोजगार सिर्जना गर्ने उद्देश्यले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका वेरोजगार श्रमिकहरुलाई स्वरोजगार तथा व्यवसायिक बनाउन विभिन्न प्रकारका सिप विकास तालिमहरुको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको सर्वाङ्गीण विकास र रोजगारी सिर्जना गर्नको लागि सार्वजनिक साझेदारी नीति बनाई लगानी मैत्री वातावरण तयार गरिनेछ।

**ङ) पर्यटन प्रवर्द्धन सम्बन्धी नीति:**

- लोपोन्मुख रेडपाण्डालाई संरक्षण गर्नको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य गरी अध्ययन तथा सर्वेक्षण गरी तिनको संरक्षण गरिनेछ।
- गाउँपालिका क्षेत्रमा पहिचान भइसकेको र पर्यटन गुरुयोजनामा समेटिएका प्राकृतिक पूर्वाधारहरुलाई सौन्दर्यकरण गरिनेछ।
- मिल्के जलजलेस्थित इयाउपोखरी क्षेत्रमा निर्माणाधीन गुराँस पार्कले ओगटेको करिव २० हेक्टर क्षेत्रफलको जग्गा गाउँपालिकाको नाममा स्वामित्व ग्रहण गरी उक्त पार्कलाई गाउँपालिकाको आय श्रोतको रुपमा विकास गरिनेछ।
- पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको स्थान मैवाखोला गाउँपालिकाको इयाउपोखरी-मिल्के-गोरुजुरे-सभापोखरी देखि वसाङ्लुङ हुँदै सिन्धोलुङ झरना सम्म आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्नको लागि प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी व्यवस्थित पदमार्गको विकास गर्दै लगिनेछ।
- मैवाखोला गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसार तथा प्रवर्द्धन गरिनेछ।

**च) उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धी नीतिः**

- स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धन एवं सो विकासलाई प्रोत्साहित गरी लघु, घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आर्थिक विकास तथा रोजगारीको सृर्जना गरिनेछ।
- लघु उद्यम व्यवसायलाई तिब्रता दिन आवश्यक नीतिगत र संस्थागत सुधार गरिनेछ।
- व्यवसायिक सम्भाव्यता भएका क्षेत्र र स्थानीय स्रोत साधनको विस्तृत अध्ययन अनुसन्धान गरिनेछ।
- लघु उद्यमशीलताको माध्यमबाट दलित, महिला, जनजाति, अपाङ्ग र विपन्न वर्गलाई स्वरोजगार र व्यवसायिक बनाउँदै लगिनेछ।
- नवप्रवर्तनमा आधारित उद्यम व्यवसाय प्रवर्द्धन गर्न युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरी आवश्यक प्राविधिक, व्यवसायिक सिप र विभिन्न क्षेत्रमा सहयोग गरिनेछ।
- उद्यमशीलता तालिम प्राप्त उद्यमीहरुलाई व्यवसाय फर्म दर्ता गर्न प्रोत्साहन गरिनेछ।

- उद्यमीहरुको लागि विषयगत निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- उत्पादित वस्तुहरुको बजारीकरण गर्न सहयोग गरिनेछ।
- गाउँपालिका क्षेत्रको औद्योगिक विकास र रोजगारी सिर्जना गर्न एक औद्योगिक ग्रामको लागि संभाव्यता अध्ययन गरिनेछ।
- भइरहेको लघु उद्यमी समूहहरुलाई एकीकृत गरी एक लघु उद्यम सहकारी स्थापना गरिनेछ।
- पुराना उद्यमीहरुको आवश्यकता पहिचान गरी एड्भान्स सिप तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

**छ) सहकारी सम्बन्धी नीतिः**

- सहकारी संस्थामा कार्यरत जनशक्तिलाई क्षमता विकास तालिम तथा सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको प्रभावकारी नियमन तथा नियन्त्रण गरिनेछ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको अनुगमन गरी निश्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरुलाई खारेज गर्ने तथा गाभ्ने व्यवस्था मिलाइनेछ।
- सहकारी संस्थाहरुलाई उत्पादन मुलक क्षेत्रमा विकास गरिनेछ।

## ३. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

**क) वन तथा जैविक विविधता सम्बन्धी नीतिः**

- दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संरक्षणको लागि अनुसन्धान गरी तथ्याङ्क संकलन गरिनेछ।
- वातावरणलाई स्वच्छ र वातावरण मैत्री कायम गर्नका लागि खुला क्षेत्रहरु पहिचान गरी अनुकुल प्रजातिका फलफूल तथा विरुवाहरुको वृक्षारोपण गरी आय आर्जनमा वृद्धि गरिनेछ।
- लोपोन्मुख रैथाने प्रजातिका बोटविरुवाहरुको अभिलेखीकरण गर्दै वन जङ्गलमा मिचाहा प्रजातिका वोट तथा बुट्यानहरुलाई नष्ट गरी वृक्षरोपण गरिनेछ।

**ख) वातावरण तथा स्वच्छता सम्वन्धी नीति:**

- बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न वातावरण संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय वातावरण सम्बन्धी नीति बनाई वातावरण मैत्री वडा र वातारण मैत्री गाउँपालिका घोषणाको लागि आधार तयार गरिनेछ।

- गाउँपालिकाको मुख्य सडकहरुमा हरियाली क्षेत्र विस्तार गर्न वृक्षारोपण गरिनेछ।
- परम्परागत खाना पकाउने उर्जा प्रणालीलाई क्रमशः घटाउँदै वैकल्पिक उर्जा प्रणालीलाई प्रोत्साहन गर्दै लगिनेछ।
- प्लाष्टिक तथा प्लाष्टिक जन्य सामग्रीहरु जलाउने र प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक नीति तथा मापदण्ड निर्माण गरी लागु गरिनेछ।

**ग) भू-तथा जलाधार व्यवस्थापन सम्बन्धी नीति:**

- गाउँपालिका अन्तर्गतका जमिनहरुको वर्गीकरण गर्न भू-उपयोग नीति तयार गरिनेछ।
- मैवाखोला गाउँपालिका क्षेत्रमा रहेका तालतलैया, झरना, पोखरीहरुको लगत संङ्कलन गरी प्राथमिकताको आधारमा संरक्षण गरिनेछ।
- वातावरणमैत्री बाल उद्यानहरुको विकास गर्दै लगिनेछ।
- वन जङ्गल, प्राकृतिक श्रोतको संरक्षण र प्रवर्द्धनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) सम्बन्धी स्थानीय कार्यविधि निर्माण गरिनेछ।

**घ) विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

- विपद्को ऐतिहासिक समय रेखाको आधारमा विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण र जोखिम आंकलनको लागि परिणाममुखी कार्यक्रम गर्दै लगिनेछ।
- जलवायु परिवर्तनको कारण कृषि उत्पादनमा हुने असर र क्षतिलाई न्यूनीकरण गर्नको लागि ऐतिहासिक बालीपात्रोलाई आधार बनाएर समय अनुकुल बाली लगाउन जनचेतना अभिवृद्धि गरी त्यस प्रकारका पूर्वाधारहरु निर्माणमा जोड दिइनेछ।
- विपद प्रतिकार्य योजना तयार गरी, हाल सञ्चालनमा रहेको आपतकालीन सेवा सञ्चालन केन्द्रलाई अझ व्यवस्थित गरिनेछ र विपद्को समयमा उद्धार कार्यमा प्रयोग गरिनेछ।
- गाउँपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना र जोखिम क्षेत्रको नक्साङ्कन तयार गरिनेछ।
- बाँझो रहेका निजी तथा पर्तिजग्गा, बाढी पहिरोग्रस्त, भिरालो जमिनमा बहुलाभदायक प्रजातिका विरुवाहरु रोपिनेछ। यसका लागि सामुदायिक वन उपभोक्ता समूहहरुसँग सहकार्य गरिनेछ।

## ४. सुशासन तथा संस्थागत विकास तर्फः

गाउँपालिकामा सुशासन कायम गर्न "नतिजामुखी प्रशासनः विकास, समृद्धि र सुशासन" अवधारणा अनुसार कार्य गरिनेछ।

### क) संस्थागत तथा मानव संशाधन विकास सम्बन्धी नीतिः

- गाउँपालिकाको आफ्नै बहुउद्देशीय प्रशासनिक भवन मार्फत सरल, सहज तथा पहुँच योग्य सेवाप्रवाहको उपलब्धतालाई कार्यान्वयन गर्दै लगिनेछ।
- कार्यालय व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्यलाई वैज्ञानिक व्यवस्थित तथा सूचना प्रविधि मैत्री बनाउँदै लगिनेछ।
- गाउँसभाबाट स्वीकृत संगठन संरचना तथा दरवन्दी लागु गरी दरवन्दी अनुसारका प्रत्येक कर्मचारीहरुको कार्यविवरण तयार गरी लागू गरिनेछ।
- गाउँपालिकाका प्रत्येक वडाबाट भएको विकास निर्माण, सेवा प्रवाह, राजश्व संङ्कलन र कार्यसम्पादनका समेतका आधारमा उत्कृष्ट वडालाई पुरस्कार स्वरुप थप अनुदान प्रदान गरिनेछ।
- नेपाल सरकारले जेष्ठ नागरिकलाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वडा/वडा मार्फत वितरण गरिने प्रणालीलाई निरन्तरता दिइनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका कार्यक्रमहरुको व्यवस्था गरिनेछ।
- अनुभव साटासाट तथा सिकाई आदान प्रदान गर्न अन्तरपालिका समन्वय, सहकार्य तथा अवलोकन भ्रमण गर्ने व्यवस्था गरिनेछ।
- कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन तथा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

### ख) सुशासन तथा पारदर्शिता सम्बन्धी नीतिः

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई थप जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाउँदै स्रोत साधनको समुचित प्रयोगमा आर्थिक अनुशासन कायम गरिनेछ।
- सबै वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई सशक्तीकरण गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडा स्तरमै निरुपण गरिने कानूनी व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- न्यायिक समितिलाई थप व्यवस्थित गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउदै लगिनेछ।
- जनप्रतिनिधि र कर्मचारीहरुको आचार संहिता निर्माण गरी प्रभावकारी रुपमा पालना गरिनेछ।

- सेवा प्रवाहलाई थप सहज, सरल तथा एकरुपता ल्याउन आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति तथा आदेशहरु आवश्यकता अनुसार निर्माण गरी स्थानीय राजपत्र मार्फत प्रकाशन गरिनेछ।
- आयोजना तथा कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई थप वैज्ञानिक रुपले लागु गरिनेछ।
- गाउँकार्यपालिकाको काम छिटो, छरितो चुस्तदुरुस्त र व्यवस्थित गर्न विभिन्न विषयगत समितिहरुलाई थप सशक्त बनाउँदै लगिनेछ।
- मैवाखोला गाउँपालिका र मेरिङदेन गाउँपालिकाको सिमानामा रहेको सिन्धोलुङ झर्नाको सिमा विवादलाई टुङ्गो लगाइनेछ।
- वडा नं. ५ र ६ को सिमा विवादलाई आवश्यक प्रक्रिया पूरा गरी टुङ्गो लगाइनेछ।

**ग) वित्तीय स्रोत परिचालन सम्बन्धी नीतिः**

- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजश्व प्रशासनलाई करदातामैत्री बनाइनेछ। करदाताहरुको सहजताका लागि कर संङ्कलन प्रणाली प्रविधिमैत्री बनाइदै लगिनेछ।
- गाउँपालिकाका सम्पूर्ण करदाताहरुको अनुगमन तथा तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।
- श्रोत परिचालनका लागि सरोकारवालाहरु, संघसंस्थाहरु तथा अन्तर स्थानीय तह बीच सहकार्य गरी सामूहिक प्रयासको थालनी गरिनेछ।
- आन्तरिक आयलाई वृद्धि गर्न तुलनात्मक लाभको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।
- प्रगतिशील कर प्रणालीलाई लागु गर्दै करदातालाई स्वेच्छिक सहभागिता गराउने वातावरण सिर्जना गरिनेछ।

**घ) योजना व्यवस्थापन सम्बन्धी नीतिः**

- प्रभावकारी योजना निर्माण तथा कार्यान्वयनको लागि विषयक्षेत्र अनुसारका दीर्घकालीन गुरुयोजनाहरु क्रमशः निर्माण गरिनेछ।
- योजना तर्जुमा तथा कार्यान्वयमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई जोड दिइनेछ।
- ठूला आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

- आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचनाको प्रभावकारिताको निरन्तर मूल्याङ्कन गरिदै लगिनेछ।
- निर्माण भएका आयोजनाहरुको दिगो उपयोग गर्ने उद्देश्यले र मर्मत संहारका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ।
- आयोजना अनुगमनलाई थप प्रभावकारी तथा व्यवस्थित गर्दै लगिनेछ।
- निर्माणाधीन तथा निर्माण भइसकेका भौतिक पूर्वाधारजन्य योजनाहरुलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा ज्येष्ठ नागरिकमैत्री योजनामा रुपान्तरण गर्दै लगिनेछ।
- वित्तीय तथा आर्थिक सुशासन कायम गर्दै जवाफदेहिता, पारदर्शिता र प्रतिस्पर्धात्मक बनाउनका लागि यस गा.पा. बाट सञ्चालित योजनाहरूलाई ई-विडिङ प्रणाली मार्फत ठेक्का आव्हान गर्ने नीति अवलम्बन गरिनेछ।
- अधुरा आयोजनाहरुलाई सम्पन्न गर्दै लगिनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

अन्त्यमा, यस नीति तथा कार्यक्रमलाई अक्षरस कार्यान्वयन गर्न सकेको खण्डमा गाउँपालिकालाई उच्च हिमाली जिल्लाको सुखी, समृद्ध, सम्मुनत र नमुना गाउँपालिकाको रूपमा विकास गराउन सकिने प्रशस्त सम्भावना रहेको जानकारी गराउँदछु। यस १३ औँ गाउँ सभामा सहभागी उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष एवम् कार्यापालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरू, नीति तथा कार्यक्रम निर्माणमा खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरू, र महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सबै राजनैतिक पार्टी, निजी, सहकारी र सामुदायिक क्षेत्र, किसान तथा श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, व्यवसायी, सञ्चारकर्मीहरू लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

सभाका सदस्यज्यूहरू, अब म १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम पेश भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

**(अनुसूची ४ (ग) बमोजिम उपाध्यक्षबाट वाचन)**

**आगामी आ.व. ०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम(विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा छलफल गरियोस भन्ने प्रस्ताव**

**सभा अध्यक्ष महोदय,**

१ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता)" सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति चाहान्छु ।

**धन्यवाद !**

**उपाध्यक्ष**

**कमल कुमारी लिम्बु**

सभाका सदस्यज्यूहरू, अब म उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यस प्रस्तावको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज नसुनिएकाले मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब कार्यसूचीको पाँचौ नम्बरमा रहेको सभामा छलफलको लागि पेश भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधयेकका सिद्धान्त र प्राथमिकता) का सम्बन्धमा छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले सचिव मार्फत नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

सर्वप्रथम सदस्य श्री........... लाई छलफलमा भाग लिन अनुमति दिन्छु । समय ३ मिनेट ।

त्यसैगरी सदस्य श्री........... लाई छलफलमा भाग लिन अनुमति दिन्छु । समय ३ मिनेट ।

सभाका सदस्यज्यूहरू, आजको निर्धारित कार्यसूचीमा छलफल सकिएको जानकारी गराउँदछु । सभाको अर्को बैठक २०८० जेष्ठ ३२ गते दिनको १:०० बजे बस्ने गरी स्थगित गर्दछु ।

**धन्यवाद !**